आ.व. २०८३।०८४ को

# वार्षिक बजेट वक्तव्य

## रास्कोट नगरपालिका

कालिकोट, कर्णाली प्रदेश, नेपाल


नाराः

**हामी बनाउछौं, हाम्रो नगर**







धार्मिक सम्पदा



समृद्ध समुदाय



प्राकृतिक सम्पदा



कृषि समृद्धि

**समावेशी विकास**
सबैको साथ, सबैको विकास

**सुशासन र पूर्वाधार**
गुणस्तरीय पूर्वाधार,
समृद्ध नगर

**शिक्षा, स्वास्थ्य र सेवा**
मानव विकास,
हाम्री प्राथमिकता

**दिगो वातावरण**
हरित र स्वच्छ रास्कोट

नेपाल सरकार

## रास्कोट नगरपालिका

कालिकोट, कर्णाली प्रदेश, नेपाल

"समृद्ध रास्कोट, सुखी रास्कोट बासी"

# रास्कोट नगरसभामा मिति २०८३ अषाढ ०७ गते उपप्रममुख श्री मनिराज बरालज्युले प्रस्तुत गर्नुभएको

# आर्थिक बर्ष २०८३।०८४ को बजेट बक्तब्य

## रास्कोट नगरपालिका कालीकोट

## २०८३

## आर्थिक वर्ष २०८३/०८४ को बजेट वक्तव्य

**"नगर सभाका सम्माननीय सभाध्यक्ष महोदय,**
**नगर सभाका सम्माननीय सदस्यज्यूहरू,**
**उपस्थित सम्पूर्ण महानुभावहरू,"**

१. लोकतन्त्र, संघीय गणतन्त्र तथा कर्णाली प्रदेश स्थापनार्थ भएका ऐतिहासिक आन्दोलनहरूमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण अमर सहिदहरूप्रति म भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। साथै, सहिद परिवार, घाइते, अपाङ्ग तथा बेपत्ता नागरिकहरूप्रति उच्च सम्मान व्यक्त गर्दछु।

२. यस रास्कोट नगरपालिकाको आगामी सोच तथा जनआकाङ्क्षालाई समेटिएको आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रमलाई कार्यक्रम तथा बजेटमार्फत व्यवहारिक रूपमा कार्यान्वयन गर्न नेपालको संविधानको धारा २३० को प्रबन्ध बमोजिम सम्मानित १८औँ नगरसभा समक्ष आ.व. २०८३/०८४ को आय तथा व्यय अनुमान प्रस्तुत गर्न पाउँदा मैले अत्यन्तै गर्व, गौरव र जिम्मेवारीबोधको अनुभूति गरेको छु।

३. नेपालको आर्थिक शासन प्रणालीको ऐतिहासिक विकासक्रमलाई स्मरण गर्दा वि.सं. २००८ साल माघ २१ गते तत्कालीन अर्थमन्त्री सुवर्ण शमशेर राणाद्वारा मुलुकको पहिलो आय–व्यय विवरण सार्वजनिक रूपमा प्रस्तुत गरिएको थियो। त्यस परम्परालाई निरन्तरता दिँदै आज यस गरिमामय सभामा बजेट प्रस्तुत गर्न पाउँदा म अत्यन्त गौरवबोध गर्दछु।

४. संघीय संरचना पश्चात् तीन तहका सरकारमध्ये जनताको घरदैलोको सरकारका रूपमा रहेको स्थानीय सरकारको दोस्रो कार्यकालको अन्तिम वर्षको बजेट प्रस्तुत गर्दै गर्दा हामी निर्वाचनका बेला गरेका प्रतिबद्धता तथा रास्कोटको विकास र समृद्धिलाई प्राथमिकतामा राख्दै निरन्तर जनताको सुख–दुःखमा हातेमालो गर्दै विकास यात्रामा अग्रसर भएका छौँ।

५. सीमित स्रोत साधन र बढ्दो जनआकाङ्क्षाबीच सन्तुलन कायम गर्नु चुनौतीपूर्ण भए पनि उपलब्ध स्रोत साधनलाई अधिकतम परिचालन गर्दै नगरवासीहरूको आधारभूत आवश्यकता र सर्वोपरि हितलाई केन्द्रमा राखी यो बजेट तर्जुमा गरिएको छ।

६. संविधानमा उल्लिखित मौलिक हक, राज्यका निर्देशक सिद्धान्त, **"समृद्ध नेपाल, सुखी नेपाली"** को राष्ट्रिय लक्ष्य तथा लोकतान्त्रिक मूल्यमा आधारित समाजवादको अवधारणालाई आत्मसात गर्दै **"हामी बनाउँछौँ, हाम्रो नगर"** भन्ने पवित्र संकल्पलाई मार्गदर्शक सिद्धान्तका रूपमा ग्रहण गरी समृद्ध, आत्मनिर्भर र नागरिकमैत्री रास्कोट निर्माणको अभियानलाई निरन्तरता दिइएको छ।

७. संविधानको अनुसूची–८ र ९ बमोजिम प्राप्त अधिकार प्रयोग गर्दै नगरपालिकाले शिक्षा, स्वास्थ्य, कृषि, पूर्वाधार तथा सामाजिक सेवाका क्षेत्रमा क्रमिक सुधार गर्दै आएको छ।

८. विगतका अनुभव, उपलब्धि र सिकाइलाई आत्मसात गर्दै योजना कार्यान्वयनमा देखिएका चुनौतीहरूको समाधान, स्रोत साधनको प्रभावकारी उपयोग, पारदर्शिता र जवाफदेहितालाई प्रमुख आधार बनाइएको छ।

९. शिक्षा, स्वास्थ्य, कृषि, पशुपालन, रोजगार सिर्जना तथा उद्यमशीलता विकासलाई बजेटको केन्द्रमा राखी विपन्न, दलित, महिला, बालबालिका, जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई लक्षित कार्यक्रम सञ्चालन गरिनेछ।

१०. पूर्वाधार विकासलाई दिगो र गुणस्तरीय बनाउने लक्ष्यसहित सडक, खानेपानी, सिंचाइ तथा भवन निर्माणका कार्यक्रमहरूलाई स्थानीय स्रोत, सीप र श्रमको अधिकतम उपयोग गर्दै अघि बढाइनेछ।

११. संघीय सरकार र कर्णाली प्रदेश सरकारले अवलम्वन गरेका आर्थिक लक्ष्य तथा उद्देश्यलाई आत्मसाथ गर्दै रास्कोटबासीका शिक्षा, स्वास्थ्य जस्ता आधारभुत आवश्यकता र सार्वजनिक सेवा प्रवाहलाई छिटो छरितो र सर्वसुलभ बनाउदै जिल्लाकै अग्रणी स्थानीय तह बनाउन ईलाका प्रशासन स्थापना, क श्रेणीको ईलाका प्रहरी कार्यालय, करदाता सेवा (PAN) का कामहरु, व्यवस्थित बजार(मिनि मार्केट)का साथै अन्य सरकारी सेवाहरु यहि रास्कोटबाट उपलब्ध हुने गरी रास्कोटमा स्थापना भईसकेको व्यहोरा यस सभा समक्ष अवगत गराउन चाहान्छु ।

१२. आम नागरिकको जनजिविका संग जोडिएको भूमि प्रशासन सम्बन्धी कार्य (मालपोत र नापी कार्यालयको) स्थापनाको कार्य पनि आगामी आ.व. देखि नै उक्त सेवा सुचारु गर्ने प्रतिवद्धता पनि व्यक्त गर्न चाहान्छु ।

१३. सुशासन प्रवर्द्धन गर्दै सेवा प्रवाहलाई प्रविधिमैत्री, छरितो र पारदर्शी बनाइनेछ। डिजिटल शासन प्रणाली विस्तार र अभिलेख व्यवस्थापन आधुनिकीकरणमा विशेष जोड दिइनेछ।

१४. कृषि उत्पादनको व्यावसायिकीकरण, सहकारी सुदृढीकरण तथा निजी क्षेत्रसँगको सहकार्यमार्फत रोजगारी सिर्जना र आयआर्जनका अवसर विस्तार गरिनेछ।

१५. वातावरण संरक्षण, जलवायु परिवर्तन अनुकूलन तथा विपद् व्यवस्थापनलाई विकास प्रक्रियाको अभिन्न अंगका रूपमा प्राथमिकतामा राखिनेछ।

१६. संघीय तथा प्रदेश सरकारसँगको समन्वयलाई अझ सुदृढ गर्दै दोहोरोपन हटाउने, स्रोत साधनको प्रभावकारी उपयोग गर्ने तथा ठूला विकास आयोजनालाई गति प्रदान गरिनेछ।

१७. यस वर्षको शुरूमा नै रास्कोटमा नेपाल खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडसँगको सहकार्यमा कर्णाली प्रदेशमै पहिलो बिक्री तथा खरिद कक्ष स्थापना गरिएको छ, जसअन्तर्गत यस नगरका कृषकहरूले उत्पादन गरेका रैथाने बालीहरूको खरिद गर्ने कार्यको समेत थालनी भएको छ, जसले कृषि उत्पादनको बजार सुनिश्चितता तथा कृषकको आय वृद्धिमा महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास लिएको छु।

१८. नागरिक सहभागिता सुनिश्चित गर्दै योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमनमा जनताको सक्रिय सहभागिता प्रवर्द्धन गरिनेछ। **"जनताको सहभागिता, विकासको सफलता"** भन्ने सिद्धान्तलाई आत्मसात गरिएको छ।

१९. प्रस्तुत बजेट तथा कार्यक्रमले रास्कोट नगरपालिकाको सामाजिक, आर्थिक, कृषि, पूर्वाधार तथा संस्थागत विकासमा नयाँ ऊर्जा थप्दै समृद्ध, आत्मनिर्भर, सुशासित र नागरिकमैत्री नगर निर्माणमा महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास लिएको छु।

२०. आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा नेपालको संविधान, संघीय सरकार तथा कर्णाली प्रदेश सरकारका नीति तथा कार्यक्रम, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक ऐन, विनियोजन विधेयक, आर्थिक विधेयक, स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७, नगर कार्यपालिका तथा नगरसभाका सदस्यज्यूहरू, विज्ञ महानुभावहरू, विभिन्न राजनीतिक दल, पेशा–व्यवसायी, संघ–संस्था, बुद्धिजीवी वर्ग, विषयगत समितिहरू तथा नगरवासी दिदीबहिनी तथा दाजुभाइहरूबाट प्राप्त सुझावहरूलाई यथासम्भव मार्गदर्शनका रूपमा ग्रहण गर्दै परिणाममुखी, सहभागितामूलक तथा सन्तुलित बजेट विनियोजनका सिद्धान्तलाई आत्मसात गरेको छु। अब म सम्मानित १८औँ नगरसभा समक्ष सर्वप्रथम आर्थिक वर्ष २०८२/०८३ को आय तथा व्ययको संक्षिप्त समीक्षा प्रस्तुत गर्ने अनुमति चाहन्छु। तत्पश्चात् आर्थिक वर्ष २०८३/०८४ को आय तथा व्यय अनुमान, विनियोजन विधेयक, २०८३ तथा आर्थिक विधेयक, २०८३ प्रस्तुत गर्ने अनुमति चाहन्छु।

**नगर सभा अध्यक्ष महोदय,**

अब म यस रास्कोट नगरपालिकाको चालु आ.व २०८२।०८३ को वार्षिक कार्यक्रमको कार्यान्वयन अवस्थाको संक्षिप्त समिक्षा सम्मानीत सभा समक्ष पेश गर्न अनुमति चाहन्छु ।

१. आर्थिक वर्ष २०८२/०८३ मा कुल रु. ४७ करोड ६३ लाख ६४ हजार बजेट विनियोजन गरिएकोमा हालसम्म चालु तर्फ ६६ प्रतिशत, पुँजीगत तर्फ ३६ प्रतिशत खर्च भई समग्रमा ५७.५१ प्रतिशत वित्तीय प्रगति हासिल भएको छ। भौतिक प्रगति उल्लेखनीय रूपमा हासिल भएको भए तापनि बजेट निकासामा देखिएको ढिलाइका कारण समग्र वित्तीय प्रगति अपेक्षाकृत न्यून देखिएको छ।
२. संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने विभिन्न अनुदानहरू अन्तर्गत हालसम्म रु. ३९ करोड ५५ लाख ११ हजार आय प्राप्त भएको छ, जुन कुल प्रक्षेपित आयको ८४ प्रतिशत रहेको छ।
३. रास्कोट नगरपालिकाले आ.व. २०८२/०८३ का लागि बजेट तयारी गर्दा सम्म आन्तरिक राजस्व संकलन रु. ९९ लाख ७८ हजार ९ सय ५६ भएको छ, जुन कुल लक्ष्यको ६६.५३ प्रतिशत रहेको छ।

**नगर सभाका अध्यक्ष एवम्**
**नगर सभाका सदस्य ज्यूहरु,**

**अब म बजेट प्रणालीमा देखा परेका मुख्य चुनौतीहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु-**

१. चालु आर्थिक वर्षमा सुरुमा गरिएको प्रक्षेपित आय लक्ष्यअनुसार स्रोत परिचालन हुन सकेको छैन। विशेषगरी आन्तरिक राजस्व, संघीय सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान तथा राजस्व बाँडफाँडमा समेत

अपेक्षाकृत कमी देखिएको छ। यसले गर्दा रास्कोट नगरपालिकाद्वारा तय गरिएका पूर्वाधार विकास तथा सामाजिक क्षेत्रका प्राथमिकताका योजना र कार्यक्रमहरू समयमै कार्यान्वयन गर्न चुनौती सिर्जना भएको छ।

२. रास्कोट नगरपालिकामा पर्याप्त कराधार क्षेत्रको सीमितता, बजार संरचनाको कमजोर विस्तार तथा करसम्बन्धी जनचेतनाको कमीका कारण आन्तरिक राजस्व अपेक्षित रूपमा वृद्धि हुन सकेको छैन। परिणामस्वरूप विकास बजेटको ठूलो हिस्सा संघीय सरकारबाट प्राप्त अनुदानमा निर्भर रहनुपर्ने अवस्था कायम छ।

३. संघीय सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदानमा अपेक्षाकृत कटौती हुनु तथा राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम समयमै उपलब्ध नहुने प्रवृत्तिका कारण नगरपालिकाका गौरवका आयोजना तथा प्राथमिकताका क्षेत्रमा पर्याप्त लगानी विस्तार गर्न कठिनाइ भएको छ।

४. नगरपालिकाको समग्र विकासमा कुल बजेटको ठूलो हिस्सा गुणस्तरीय शिक्षा र स्वास्थ्य क्षेत्रलाई प्राथमिकताका रूपमा विनियोजन गरिएको छ। तर स्रोत सीमितताका कारण अपेक्षित सेवा गुणस्तर हासिल गर्न थप स्रोत व्यवस्थापन आवश्यक रहेको छ।

५. संघीय सरकारबाट विद्यालय तथा स्वास्थ्य संस्थाहरूमा पर्याप्त दरबन्दी सिर्जना नहुनुका कारण रास्कोट नगरपालिकाले स्थानीय सेवा निरन्तरता कायम राख्न विकास बजेटको ठूलो हिस्सा समानिकरण अनुदानमार्फत तलब तथा भत्ता शीर्षकमा विनियोजन गर्नुपर्ने बाध्यता रहेको छ, जसले पूँजीगत लगानी क्षमतामा दबाब सिर्जना गरेको छ।

६. वार्षिक नीति तथा कार्यक्रमलाई विषयगत क्षेत्रगत कार्यक्रमसँग अन्तरसम्बन्धित, परिणाममुखी तथा व्यवहारिक बनाउन बजेट तर्जुमा गरिएको भए तापनि स्रोत सीमितता र कार्यान्वयन क्षमताबीच सन्तुलन कायम गर्नु अझै चुनौतीपूर्ण रहेको छ।

माथि उल्लेखित चुनौतीहरूलाई मनन गर्दै सरकारी, निजी तथा सहकारी क्षेत्रबीचको सहकार्य र समन्वयलाई अझ सुदृढ बनाउँदै उपलब्ध सार्वजनिक स्रोत साधनको अधिकतम, पारदर्शी र परिणाममुखी परिचालनमार्फत रास्कोट नगरपालिकाको सर्वाङ्गीण विकास सुनिश्चित गर्ने उद्देश्यका साथ बजेटका उद्देश्य तथा प्राथमिकताहरू निम्नानुसार तय गरिएको छु।

**अब म बजेटका उद्देश्यहरू सम्मानित सभामा निम्नानुसार प्रस्तुत गर्ने अनुमति चाहन्छु-**

क. कृषि तथा पशुपालन क्षेत्रको आधुनिकीकरण, व्यवसायीकरण र उत्पादनशीलता वृद्धि गर्दै स्थानीय कृषि तथा पशुजन्य उत्पादनमा उल्लेखनीय अभिवृद्धि गर्ने।

ख. प्रविधिमैत्री, गुणस्तरीय तथा समावेशी शिक्षाको विकास गर्दै नगरवासी बालबालिका तथा युवाहरूलाई प्रतिस्पर्धी, दक्ष र सक्षम मानव संसाधनका रूपमा तयार गर्ने।

ग. सामाजिक न्याय, समानता, समावेशिता तथा अवसरको न्यायोचित वितरण सुनिश्चित गर्दै समुन्नत, सभ्य र समावेशी समाज निर्माण गर्ने।

घ. दिगो, भरपर्दो र गुणस्तरीय भौतिक पूर्वाधार निर्माण गर्दै सडक, खानेपानी, सिंचाइ तथा सार्वजनिक संरचनाको सन्तुलित विकास गर्ने।

ङ. शिक्षा, स्वास्थ्य तथा आधारभूत स्वास्थ्य सेवामा नगरवासीहरूको समान, सरल र सुलभ पहुँच सुनिश्चित गर्दै जनस्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धि गर्ने।

च. सार्वजनिक प्रशासनमा सुधार गर्दै सेवा प्रवाहलाई पारदर्शी, जवाफदेही, छरितो र नागरिकमैत्री बनाई सुशासन कायम गर्ने।

छ. स्थानीय स्रोत साधनको समुचित, दिगो र उत्पादनमुखी उपयोग गर्दै रोजगारी सिर्जना, स्वरोजगार तथा उद्यमशीलता प्रवर्द्धन गर्ने।

**नगर सभा अध्यक्ष एव्**

**नगर सभाका सदस्य ज्युहरु,**

**१.अब आर्थिक बर्ष ०८३।०८४ को बजेटका प्राथमिकताहरु निम्नानुसार प्रस्तुत गर्ने अनुमति चाहान्छू-**

१. शिक्षा, स्वास्थ्य तथा पूर्वाधार विकासलाई प्राथमिकता दिँदै सामाजिक क्षेत्रको गुणस्तरीय र समावेशी विकास।
२. प्रविधिमा आधारित कृषि प्रणाली, उत्पादन वृद्धि, सिँचाइ विस्तार र प्रभावकारी बजारीकरण।
३. रोजगार प्रवर्द्धन, स्वरोजगार तथा उद्यमशीलता विकासमार्फत आयआर्जन अवसर विस्तार।
४. सरकारी, गैरसरकारी, सहकारी तथा निजी क्षेत्रसँग सहकार्य गर्दै विकास साझेदारी सुदृढ गर्ने।
५. लैंगिक समानता, महिला सशक्तिकरण र सामाजिक समावेशीकरणलाई मूलधारमा ल्याउने।
६. नियमित सडक मर्मत, स्तरोन्नति तथा सुरक्षित यातायात पहुँच सुनिश्चित गर्ने।
७. पर्यटन प्रवर्द्धन तथा स्थानीय प्राकृतिक, सांस्कृतिक सम्पदाको संरक्षण र विकास।
८. खानेपानी तथा सरसफाइ सेवाको पहुँच विस्तार।
९. वातावरण संरक्षण, जलवायु परिवर्तन अनुकूलन तथा विपद् व्यवस्थापन सुदृढ गर्ने।
१०. राजस्व प्रशासन सुधार गरी आन्तरिक आय संकलन वृद्धि गर्ने।
११. सुशासन प्रवर्द्धन गर्दै सेवा प्रवाहलाई प्रविधिमैत्री, छरितो र पारदर्शी बनाउने।
१२. विपद् तथा प्रकोप कोषलाई प्रभावकारी रूपमा सञ्चालन गर्ने।
१३. स्वास्थ्य बीमा, जीवन बीमा तथा घर बीमा कार्यक्रम विस्तार गर्ने।

माथि उल्लेखित उद्देश्य तथा प्राथमिकताहरू हासिल गर्न नेपाल सरकार, प्रदेश सरकार, अन्तर–स्थानीय तह, निजी तथा सहकारी क्षेत्र, गैरसरकारी संघसंस्था, टोल विकास संस्था तथा कानुन बमोजिम दर्ता भएका अन्य सरोकारवालाहरूसँग सहकार्यलाई अझ सुदृढ गर्दै उपलब्ध स्रोत साधनको अधिकतम, पारदर्शी र परिणाममुखी उपयोगमार्फत रास्कोट नगरपालिकाको समृद्धि यात्रालाई अघि बढाइने नीति अवलम्बन गरिएको छ। माथि उल्लेखित उदेश्य एवम् प्राथमिकता हासिल गर्न नेपाल सरकार, प्रदेश सरकार, अन्तर स्थानीय तह, नीजि तथा सहकारी क्षेत्र, गैरसरकारी क्षेत्र,टोलविकास संस्था तथा कानुन बमोजिम दर्ता भएका विभिन्न संघ सस्थाहरु संग सहकार्य र आन्तरिक आय संकलनलाई वृद्धि गरि रास्कोटको समृद्धिका लागि जोड दिने गरि  बजेटका प्राथमिकता निर्धारण गरेको छु ।

**सभा अध्यक्ष महोदय,**

"अब म आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेट अन्तर्गत आयतर्फको अनुमानित विवरण यस गरिमामय सभामा प्रस्तुत गर्ने अनुमति चाहन्छु।"

**आय विवरण**

| सि.न. | स्रोत समूह | स्रोत | जम्मा बजेट रकम (रु.) अक्षरमा |
|---|---|---|---|
| १ | संघीय सरकार | समानिकरण अनुदान | ९ करोड ७६ लाख |
| २ | संघीय सरकार | शसर्त अनुदान चालु | १८ करोड ८१ लाख |
| ३ | संघिय सरकार | शसर्त अनुदान पूंजिगत | १० करोड ४५ लाख |
| ४ | संघीय सरकार | विषेश अनुदान | ६१ लाख |
| ५ | संघीय सरकार | समपुरक अनुदान | २ करोड ५९ लाख |
| ६ | संघिय सरकार | राजस्व बाँडफाँड | ७ करोड ९१ लाख |
| ७ | प्रदेश सरकार | समानिकरण अनुदान | १ करोड ३८ लाख ४६ हजार |
| ८ | प्रदेश सरकार | शसर्त अनुदान चालु | २२ लाख ५ हजार |
| ९ | प्रदेश सरकार | शसर्त अनुदान पुँजी | १ करोड ५५ लाख |
| १० | प्रदेश सरकार | विषेश अनुदान | ३५ लाख |
| ११ | प्रदेश सरकार | समपुरक अनुदान पुँजीगत | १ करोड १९ लाख |
| १२ | प्रदेश सरकार | राजस्व बाँडफाँड | १० लाख |
| १३ | अन्तरिक श्रोत | आन्तरिक श्रोत | १ करोड ७५ लाख |
| १४ | अन्य अनुदान (साझेदार संघ सस्था) | अन्य अनुदान | ० |
| **जम्मा** | | **५६ करोड ६७ लाख ५१ हजार** | |

आगामी आर्थिक वर्षका लागि संघीय सरकार, प्रदेश सरकार तथा आन्तरिक स्रोतबाट प्राप्त हुने कुल अनुमानित आय रु. ५६ करोड ६७ लाख ५१ हजार रहने अनुमान गरिएको छ। संघीय सरकारबाट प्राप्त हुने स्रोतहरूमा वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, विशेष अनुदान, समपूरक अनुदान तथा राजस्व बाँडफाँड गरी कुल योगदान निम्नानुसार रहेको छ-

वित्तीय समानीकरण अनुदान: १७.२३ प्रतिशत,सशर्त अनुदान (चालु): ३३.१७ प्रतिशत,सशर्त अनुदान (पुँजीगत): १८.४३ प्रतिशत,विशेष अनुदान: १.०८ प्रतिशत,समपूरक अनुदान: ४.५७ प्रतिशत,राजस्व बाँडफाँड: १३.९५ प्रतिशत

त्यसैगरी प्रदेश सरकारबाट प्राप्त हुने स्रोतहरूमा वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, विशेष अनुदान, समपूरक अनुदान तथा राजस्व बाँडफाँड समावेश गरी निम्नानुसार योगदान रहेको छ-

वित्तीय समानीकरण अनुदान: २.४४ प्रतिशत,सशर्त अनुदान (चालु): ०.३९ प्रतिशत,सशर्त अनुदान (पुँजीगत): २.७३ प्रतिशत,विशेष अनुदान: ०.६२ प्रतिशत,समपूरक अनुदान (पुँजीगत): २.१० प्रतिशत.राजस्व बाँडफाँड: ०.१८ प्रतिशत

आन्तरिक स्रोततर्फ नगरपालिकाको आफ्नै कर तथा गैरकर राजस्वबाट ३.०९ प्रतिशत आय संकलन हुने अनुमान गरिएको छ।

त्यसैगरी, अन्य अनुदान (साझेदार संघसंस्था) तर्फ हाल कुनै आय अनुमान नगरिएको छैन।

समग्रमा माथि उल्लिखित सबै स्रोतहरू समेट्दा आर्थिक वर्ष २०८३/०८४ का लागि कुल अनुमानित आय १०० प्रतिशत रहने अनुमान गरिएको छ।

**नगर सभा अध्यक्ष महोदय,**

**नगर सभा सदस्य ज्युहरू,**

अब म रास्कोट नगरपालिकाको आ.व. २०८३।०८४ को व्यय तर्फको बजेट प्रस्तुत गर्ने अनुमति चाहान्छु,

| क्षेत्रगत कुल बजेट बाँडफाँड | | | |
|---|---|---|---|
| क्र.सं. | क्षेत्रउपक्षेत्र/ | विनियोजन | बाँडफाँड प्रतिशत |
| **१** | **सामाजिक विकास** | **३६ करोड ७७ लाख ५ हजार** | **६४.८८%** |
| १ | शिक्षा | २० करोड | |
| २ | स्वास्थ्य | १५ करोड ७६ लाख ५ हजार | |
| ३ | खानेपानी | ५० लाख | |
| ४ | सामाजिक सुरक्षा | २७ लाख | |
| ५ | लैंगिक समानता तथा सामाजिक समावेशीकरण | २४ लाख | |
| **२** | **आर्थिक विकास** | **२ करोड ४८ लाख** | **४.३८%** |
| १ | पशुपंक्षी विकास | ११ लाख ५० हजार | |
| २ | कृषि | ५३ लाख ५० हजार | |
| ३ | उद्योग | १८ लाख | |
| ४ | सिंचाई | ६० लाख | |
| ५ | पर्यटन | १ करोड ५ लाख | |
| **३** | **पूर्वाधार विकास** | **६ करोड ५ लाख ५० हजार** | **१०.६८%** |
| १ | भवन, आवास तथा सहरी विकास | ३ करोड ८४ लाख | |
| २ | यातायात पूर्वाधार | १ करोड ९६ लाख ५० हजार | |
| ३ | सम्पदा पूर्वाधार | २५ लाख | |
| **४** | **सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र** | **१ करोड २८ लाख ५० हजार** | **२.२७%** |
| १ | तथ्यांक | २५ लाख | |
| २ | शान्ति सुव्यवस्था | ६३ लाख ५० हजार | |

| | | | |
|---|---|---|---|
| ३ | कार्यालय संचालन तथा प्रशासनिक | ४० लाख | |
| **५** | **वन तथा वातावरण** | **२० लाख** | ०.३५% |
| १ | विपद व्यवस्थापन खर्च | १० लाख | |
| २ | तटबन्धन | १० लाख | |
| **६** | **कार्यालय संचालन तथा प्रशासनिक** | **९ करोड ८८ लाख ४६ हजार** | १७.४४% |
| १ | कार्यालय संचालन तथा प्रशासनिक | ९ करोड ८८ लाख ४६ हजार | |
| | **कुल बजेट बाँडफाँड** | **५६ करोड ६७ लाख ५१ हजार** | **१००.००%** |

कुल प्रस्तावित व्यय मध्ये **चालु तर्फ रु ३४ करोड ८१ लाख १ हजार र पुँजिगत तर्फ रु. २१ करोड ८६ लाख ५० हजार गरि** कुल व्यय ५६ करोड ६७ लाख ५१ हजार रुपैयाँ अनुमान गरेको छु । जसमध्ये चालु खर्च ६१.४२ प्रतिशत र पूँजीगत खर्च ३८.५८ प्रतिशत विनियोजन गरेको छु । गत वर्षको तुलनामा यस वर्ष चालु खर्च घटाई पुँजीगत खर्चमा वृद्दि गरेको छु ।

**नगर सभा अध्यक्ष महोदय,**

**नगर सभा सदस्य ज्युहरू,**

१. “हामी बनाउँछौं, हाम्रो नगर” भन्ने मूल नारालाई सार्थक बनाउँदै बजेटलाई व्यवहारिक, कार्यान्वयनयोग्य र परिणाममुखी बनाउने उद्देश्यले उद्यमशीलता तथा स्वरोजगार प्रवर्द्धन, सामाजिक तथा आर्थिक असमानता न्यूनीकरण, सामाजिक विभेदको अन्त्य, दिगो, भरपर्दो र गुणस्तरीय भौतिक पूर्वाधार निर्माण तथा स्वास्थ्य सेवामा सर्वसुलभ र सहज पहुँच सुनिश्चित गर्ने किसिमका कार्यक्रमहरू सञ्चालन हुने गरी रास्कोट नगरपालिकाको बजेट विनियोजन गरिएको छ।

२. अब म आगामी आर्थिक वर्ष २०८३/०८४ को क्षेत्रगत बजेट विनियोजन सम्मानित सभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु।

## सामाजिक विकास समिति तर्फ:

३. शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ, महिला, बालबालिका तथा लैंगिक समानता र सामाजिक समावेशीकरण, युवा तथा खेलकुद तथा नवप्रवर्तनसम्बन्धी नीति तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि रु. ३६ करोड ७७ लाख ०५ हजार विनियोजन गरिएको छ।

४. युवामैत्री स्थानीय शासन प्रवर्द्धन गर्ने उद्देश्यले विभिन्न खेलकुद प्रतियोगिता सञ्चालन तथा खेलकुद पूर्वाधार निर्माण तथा विकासका लागि रु. ३० लाख विनियोजन गरिएको छ। साथै स्थानीय प्रतिभा पहिचान, प्रोत्साहन र क्षमता विकासका कार्यक्रमहरूलाई समेत प्राथमिकता दिइनेछ।

५. सामुदायिक विद्यालयहरूको शैक्षिक तथा भौतिक पूर्वाधार सुदृढीकरण गर्दै शिक्षण सिकाइ उपलब्धि सुधार गर्न शैक्षिक सुधार योजना कार्यान्वयन गरिनेछ। साथै SEE लक्षित आवासीय पठनपाठन कार्यक्रम, अंग्रेजी माध्यम शिक्षणको निरन्तरता तथा डिजिटल शिक्षण प्रणाली विस्तारका लागि आवश्यक बजेट व्यवस्था गरिएको छ।

## आधारभूत स्वास्थ्य सेवा तर्फ

६. रास्कोट नगरपालिकालाई स्वस्थ, सक्षम र समृद्ध नगरका रूपमा विकास गर्ने लक्ष्यसहित नगरवासीहरूको स्वास्थ्य सेवामा सहज, सरल र सर्वसुलभ पहुँच सुनिश्चित गर्न विभिन्न सुधारात्मक तथा अभियानमुखी कार्यक्रमहरू सञ्चालन गरिनेछ।

७. रास्कोट नगर अस्पताल तथा स्वास्थ्य चौकीहरूको सेवा सुदृढीकरण गर्दै मातृ तथा शिशु स्वास्थ्य सेवा विस्तार, वातानुकूलित खोप केन्द्र सञ्चालन, विपन्न तथा अशक्त नागरिकका लागि स्वास्थ्य बीमा सहुलियत, गर्भवती पोषण कार्यक्रम तथा आकस्मिक स्वास्थ्य सेवा सुधार जस्ता महत्वपूर्ण कार्यक्रमहरूका लागि आवश्यक बजेट विनियोजन गरिएको छ।

साथै, टेलिमेडिसिन सेवा विस्तार, नियमित स्वास्थ्य शिविर सञ्चालन तथा आधारभूत औषधि उपलब्धता सुनिश्चित गर्ने कार्यक्रमहरूलाई समेत प्राथमिकतामा राखेको छ।

## आर्थिक विकास समिति तर्फ

१. कृषि विकास, पशुपन्छी विकास, सिँचाइ, पर्यटन प्रवर्द्धन, सहकारी तथा गरिबी निवारण, वित्तीय क्षेत्र, उद्योग, व्यापार , व्यवसाय तथा रोजगारी प्रवर्द्धनसम्बन्धी कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि कुल बजेटमध्ये रु. २ करोड ४८ लाख विनियोजन गरिएको छ।

२. कृषि उत्पादनको बजारीकरण, रैथाने बालीहरूको संरक्षण तथा प्रवर्द्धन, साथै ओखर, स्याउ, आलु, सिमी लगायतका विभिन्न पकेट क्षेत्र विकास कार्यक्रममार्फत उत्पादन वृद्धि गर्दै कृषि क्षेत्रमा आत्मनिर्भरता हासिल गर्ने उद्देश्यका साथ आवश्यक बजेट व्यवस्था गरिएको छ।

३. रास्कोट नगरपालिकाको उर्वर भूमिलाई वर्षभर सिँचाइयोग्य बनाउने लक्ष्यसहित प्रमुख सिँचाइ कुलाहरू—क्षेत्रेती, भिडकुलो, बाग्री कुलो लगायत अन्य साना सिँचाइ प्रणालीहरूको निर्माण, मर्मत तथा विस्तारका लागि आवश्यक बजेट विनियोजन गरिएको छ।

## पूर्वाधार विकास तर्फ

४. स्थानीय पूर्वाधार विकास आयोजना, भवन निर्माण, शहरी विकास, बस्ती विकास, सडक पूर्वाधार तथा नगर चक्रपथ निर्माण कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि कुल बजेटमध्ये रु. ६ करोड ५ लाख ५० हजार विनियोजन गरिएको छ।

५. रास्कोट नगरपालिकाको केन्द्र जोड्ने सबै सडक पूर्वाधारको निर्माण तथा स्तरोन्नति, आधुनिक बजार व्यवस्थापन, साथै आर.सी.पी. देखि क्षेत्रेती पाटन, भात्तडीदेखि बाखरकोट हुँदै देउरामालिका सम्मको सडक तथा वडा नं. १ तामाकोटदेखि वडा नं. ८ पाटेडिलसम्मको नगर चक्रपथ निर्माणका लागि संघीय सरकार, प्रदेश सरकार तथा नगरपालिकाको साझेदारीमा आवश्यक बजेट विनियोजन गरिएको छ।

## वन, वातावरण तथा विपद् व्यवस्थापन समिति तर्फ

१. भू–संरक्षण तथा जलाधार व्यवस्थापन, वातावरण तथा फोहोरमैला व्यवस्थापन, विपद् व्यवस्थापन, जलवायु उत्थानशीलता तथा विपद् जोखिम न्यूनीकरणका लागि पूर्वतयारी कार्यक्रम सञ्चालन गर्न कुल बजेटमध्ये रु. २० लाख विनियोजन गरिएको छ।

२. नगरपालिकाको क्षेत्रमा पर्न सक्ने विपद् जोखिम न्यूनीकरण गर्न बाढी, पहिरो तथा सुख्खा पहिरो नियन्त्रणका लागि आवश्यक बजेट व्यवस्थापन गरिएको छ।

३. रास्कोट नगरपालिकाको पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले शान्तिघाटमा प्रवेशद्वार निर्माण, देउरामालिका मन्दिर संरक्षण तथा विकास, साथै हुमकुण्ड क्षेत्रको पूर्वाधार विकासका लागि आवश्यक बजेट व्यवस्थापन गरेको छ ।

## सुशासन तथा संस्थागत विकास समिति तर्फ

४. सार्वजनिक सेवा प्रवाह, स्थानीय सेवा व्यवस्थापन, जनशक्ति क्षमता विकास, सार्वजनिक खरिद तथा सम्पत्ति व्यवस्थापन, तथा राजस्व र स्रोत परिचालनका लागि कुल बजेटमध्ये रु. १ करोड २८ लाख ५० हजार विनियोजन गरिएको छ।

५. सार्वजनिक सेवा प्रवाहलाई सरल, पारदर्शी र प्रविधिमैत्री बनाउन जनशक्ति व्यवस्थापन तथा डिजिटल पालिका निर्माणका लागि प्रदेश सरकारसँगको समन्वयमा विभिन्न कार्यक्रमहरू सञ्चालन गरिनेछ।

६. सामाजिक न्याय, पारदर्शिता र जवाफदेही प्रशासन सुदृढ गर्न गुनासो सुनुवाइ प्रणालीलाई व्यवस्थित गर्दै नागरिकका गुनासोहरूको प्रभावकारी र समयमै सम्बोधन गर्ने संयन्त्र विकास गरिनेछ।

७. स्वैच्छिक कर सहभागिता अभिवृद्धि गर्दै राजस्व प्रणालीलाई प्रविधिमैत्री बनाइनेछ। करदातालाई विकासको प्रत्यक्ष अनुभूति हुने गरी आन्तरिक आय व्यवस्थापनलाई पारदर्शी, उत्तरदायी र प्रभावकारी बनाइनेछ।

**कार्यालय सञ्चालन तथा व्यवस्थापन (संघीय राजश्व बाँडफाँड र प्रदेश समानिकरण अनुदान)- ९ करोड ८८ लाख**

१. रास्कोट नगरपालिकाको कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च, नेपाल सरकारले तोकेको राष्ट्रसेवक कर्मचारीहरूको तलब, सेवा सुविधा, नगरपालिकामा कार्यरत सम्पूर्ण स्थायी, अस्थायी, करार तथा ज्यालादारी कर्मचारीहरूको तलब, भत्ता र अन्य सुविधा तथा पदाधिकारीहरूको सेवा सुविधा र भत्ता बापतको रकम यस शीर्षक अन्तर्गत समावेश गरिएको छ। साथै, विकास खर्चलाई चालु खर्चमा रूपान्तरण गर्न नपाइने सिद्धान्तलाई आत्मसात गर्दै करारमा कार्यरत कर्मचारीहरूको पुनरावलोकन गरी प्रशासनिक खर्चको भार न्यूनीकरण गर्ने, खरिद प्रक्रियालाई पारदर्शी बनाउँदै समयमै सम्पन्न गर्ने तथा आफ्नै आन्तरिक स्रोतबाट चालु खर्च धान्न सक्ने गरी आत्मनिर्भर उन्मुख बजेट कार्यान्वयनको व्यवस्था मिलाइएको छ।

२. खर्चतर्फ विषयगत योजना तथा कार्यक्रमगत विस्तृत विवरण नगरसभाबाट पारित भएपछि यथाशीघ्र रातो किताबमा समावेश गरी सार्वजनिक गर्ने प्रतिबद्धता व्यक्त गर्दछु।

३. संघीय सरकार, प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदान, समपूरक अनुदान, विशेष अनुदान तथा सडक बोर्ड नेपालबाट प्राप्त बजेटहरू तोकिएकै शीर्षकमा खर्च तथा लेखाङ्कन गरिनेछ।

४. हेल्भेटास र हुरेन्डेक नेपाल (एकीकृत जलस्रोत व्यवस्थापन कार्यक्रम) सँगको साझेदारीमा चालु आर्थिक वर्षमा "एक घर एक धारा" कार्यक्रमअन्तर्गत २६७ घरधुरीमा खानेपानी धाराहरू निर्माण गर्न लागत साझेदारी स्वरूप रु. ७० लाख विनियोजन गरिएको छ।

५. अपाङ्ग बाल अस्पताल तथा पुनर्स्थापना केन्द्र, सुर्खेतसँगको सहकार्यमा रिफरल सेन्टर निर्माणका लागि आवश्यक बजेट व्यवस्था गरिएको छ।

६. वडा कार्यालयहरूको सञ्चालन तथा व्यवस्थापनका लागि चालु खर्चतर्फ एकमुष्ट रु. ३६ लाख विनियोजन गरिएको छ।

७. नगर कार्यपालिकाको कार्यालयबाट कार्यान्वयन हुने तर आय–व्यय (बजेट) पुस्तिकामा समावेश नभएका अनुमानित बजेट रकमको विवरण निम्नानुसार रहेको व्यहोरा यस सम्मानित नगरसभा समक्ष जानकारी गराउन चाहन्छु-

सामाजिक सुरक्षा कार्यक्रम: रु. ९ करोड ४५ लाख

सडक बोर्ड नेपाल कार्यक्रम: रु. ३० लाख

- नगरपालिका भित्र कार्यक्रम संचालन हुने विभिन्न संघसस्थाले प्रस्तावित बजेट रकम रु. ५ करोड ४७ हजार पेश गरेका छन् ।

| सि.न | कार्यन्वयन संस्था | परियोजना कार्यक्रम | प्रस्तावित बजेट रकम |
|---|---|---|---|
| १ | हुरेन्डेक नेपाल | पोषण | ३५ लाख |
| २ | | झोलुंगे सहयोग कार्यक्रम | १ करोड |
| ३ | | रास्कोट महिनावारी स्वास्थ्य स्वच्छता तथा खानेपानी सरसफाई स्वच्छता सुधार परियोजना) | १ करोड |
| ४ | हेल्भटास नेपाल (एभरेष्ट क्लब) | एकिकृत जलस्रोत व्यवस्थापन कार्यक्रम | १ करोड १० लाख |
| ५ | सादा नेपाल | रंगिन परियोजना | ६ लाख ९७ हजार |
| ६ | स्याक नेपाल | विद्यालय शिक्षा परियोजना | ७ लाख |
| ७ | किर्डाक नेपाल | बाल प्रत्याभुत व्यस्थापन कार्यक्रम | ७ लाख ५० हजार |
| ८ | भिडेसेफ कार्यक्रम | मातृ तथा नवशिशु स्वस्थ्य सेवा सुदृढिकरण परियोजना | ७ लाख |
| ९ | RHVAP | उच्च मुल्य कृषिबस्तु उत्थानशिल कार्यक्रम | १ करोड २६ लाख |
| | | **जम्मा प्रस्तावित बजेट** | **५ करोड ४७ हजार** |

१. वित्तीय सामानीकरण तथा नगरपालिकाको आन्तरिक स्रोतबाट सबै शाखागत कार्यक्रमहरुका लागि बजेट विनियोजन गरेको छु। उक्त योजना तथा कार्यक्रमहरुको शाखागत विनियोजन अनुसूची-३ राखिएको छ।

**नगर सभा अध्यक्ष महोदय,**

**नगर सभा सदस्य ज्युहरु,**

अब म यस रास्कोट नगरपालिका अन्तर्गत संघिय सरकार शसर्त अनुदान, विशेष अनुदान र समपुरक अनुदानका कार्यक्रम (अनुसुची-१), प्रदेश सरकार ससर्त अनुदान र मुख्य मन्त्रीरोजगार कार्यक्रम, समपुरक अनुदान, विशेष अनुदानका कार्यक्रम (अनुसूची-२) अन्तर्गत बजेट विनियोजन भएका कार्यक्रमहरु यस सम्मानित सभामा जानकारी गराउन चाहान्छू ।

अनुसूची-१

## संघीय ससर्त अनुदान,समपुरक अनुदान र विशेष अनुदान अन्तर्गत खर्च विवरण

| क्रस. | कार्यक्रम कार्यक्रम/ | बजेट (रु.हजार) |
|---|---|---|
| | संघीय सरकार शसर्त अनुदान, विशेष अनुदान र समपुरक अनुदान सहित जम्मा बजेट | २९ करोड १६ लाख |
| १ | **कृषि विकास शाखा** | **४३ लाख** |
| १.१ | कृषि, पशुपन्छी तथा मत्स्य तथ्यांक अध्यावधिक कार्यक्रम | २५ हजार |
| १.२ | कृषि तथा पशु सेवाका एक गाँउ एक प्राविधिकहरुको तलव भत्ता | ९ लाख ५० हजार |
| १.३ | साना सिचाई पूर्वाधार निर्माण | २० लाख |
| १.४ | किसान सूचीकरण कार्यक्रम | १ लाख २५ हजार |
| १.५ | आलु पकेट विकास कार्यक्रम सञ्चालन गर्न (आ.व. २०८३।०८४) | १२ लाख |
| २ | **सामाजिक सुरक्षा शाखा** | ५ लाख |
| | स्थानीय तहका MIS Operator को लागत साझेदारी अन्तर्गत संघीय सरकारले व्यहोर्ने ७ महिनाको पारिश्रमिक बापतको रकम ( बाँकी ६ महिनाको सम्बन्धित स्थानीय तहले व्यहोर्ने) | २ लाख ४९ हजार |
| | एमअपरेटर र फिल्ड सहायक पोशाक भत्ता.एस.आई. | २० हजार |
| | स्थानीय तहका फिल्ड सहायकको लागत साझेदारी अन्तर्गत संघीय सरकारले व्यहोर्ने ७ महिनाको पारिश्रमिक बापतको रकम ६बाँकी )महिनाको सम्बन्धित स्थानीय तहले व्यहोर्ने( | २ लाख ३१ हजार |
| ३ | **शिक्षा युवा तथा खेलकुद शाखा** | **१५ करोड ४०** |
| | माध्यमिक तहका स्वीकृत दरवन्दीका शिक्षक, राहत अनुदान शिक्षक लागि तलब भत्ता अनुदान विशेष) शिक्षा परिषद अन्तरगतका शिक्षककर्मचारी/,प्राविधिक धारका प्रशिक्षक समेत( | २ करोड ५२ |
| | स्वीकृत गुरुयोजनाका आधारमा साझेदारीमा विद्यालय पुर्वाधार विकास | ३३ लाख |
| | माध्यमिक तह कक्षा मा अंग्रेजी (१०-९),गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | २९ लाख १५ हजार |
| | मानव विकास सुचकाँकमा पछाडी परेका जम्मा १११ स्थानीय तहमा जिविकोपार्जन सुधार कार्यक्रम सञ्चालन | ९ लाख |
| | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | १ करोड ७४ लाख |
| | विपन्न लक्षित छात्रवृत्तिकालागि छनौट भएका कक्ष) ६-१२ मा अध्ययनरत विद्यार्थीका लागि छात्रवृति | ३० लाख ६ हजार |
| | अनौपचारिक / शिक्षा सञ्चालन अनुदान परम्परागत | १४ लाख २ हजार |
| | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | ७० लाख ४५ हजार |
| | सामुदायिक विद्यालयहरुमा शैक्षिक कार्यक्रम सञ्चालन अनुदान | १८ लाख ९५ हजार |
| | सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान मातृभाषाको /स्थानीय विषय) (समेत | ३९ लाख ९५ हजार |
| | आधारभूत तह कक्षा (६-८) मा अंग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सिकाई अनुदान | २७ लाख ९९ हजार |
| | प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाइ व्यवस्थापन अनुदान | ३३ लाख ४३ |

| | | |
|---|---|---|
| | | हजार |
| | सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड ब्यवस्थापन | १६ लाख २ हजार |
| | स्वीकृत स्थानीय शिक्षा योजना कार्यान्वयनका लागि अनुदान | ७ लाख ८१ हजार |
| | शैक्षिक सुशासन प्रवर्द्धनका लागि स्थानीय तहमा शैक्षिक कार्यक्रम सञ्चालन | ५ लाख ३४ हजार |
| | आधारभूत तहका स्वीकृत दरवन्दीका स्थायी शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान विशेष शिक्षा परिषद अन्तरगतका) शिक्षक /कर्मचारीहरु समेत | ६ लाख ४७ हजार |
| | अस्थायी शिक्षक प्रारम्भिक बाल विकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यबस्थापन अनुदान | ८६ लाख ३६ हजार |
| | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रबृत्ति (आवासीय तथा गैरआवासीय) | २६ लाख ४८ हजार |
| | विद्यालयको विस्तृत भौतिक पूर्वाधार सर्वेक्षण तथा प्रतिवेदन तयारी | ९ लाख ७२ हजार |
| | आधारभूत सिकाइ (Foundational Learning ) प्रबर्द्धन कार्यक्रम सञ्चालन | ८ लाख ६१ हजार |
| ४ | **रोजगार सेवा शाखा** | **७ लाख ७८ हजार** |
| | रोजगारी सिर्जना एवं प्रवर्द्धन सम्बन्धी सरोकारवालासँग रणनीतिक संवाद तथा छलफल कार्यक्रम | २५ हजार |
| | रोजगार संयोजकको तलव | ५ लाख ६८ |
| | रोजगार सेवा केन्द्र सञ्चालन खर्च मसलन्द), अनुगमनईन्धन/, रोजगारीमा खटिनु पूर्व अभिमुखिकरण, अन्य विविध खर्च( | १ लाख |
| | रोजगार संयोजकको पोसाक | १० हजार |
| | उद्यमशीलता ,रोजगारी मुलक / सशक्तिकरण सीप विकास / तथा क्षमता अभिवृद्धि तालिम | ०२५. |
| | डिजिटल श्रम तथा रोजगार सेवा सम्बन्धी सरोकारवाला अभिमुखिकरण एवं प्रवर्द्धन कार्यक्रम | २५ हजार |
| | श्रमको सम्मान राष्ट्रको अभियान सम्बन्धी क्रियाकलाप संचालन | २५ हजार |
| ५ | **आधारभुत स्वास्थ्य तथा सरसफाई शाखा** | **१३ करोड ३ हजार** |
| | क्षयरोगका जोखिम समुह तथा स्वास्थ सेवाको पहुच कम भएका समुदायमा सकृय क्षयरोग खोजपडताल कार्यक्रम र पि.वि.सी. बिमारीका घरपरिवारका सदस्यहरुको सम्पर्क परिक्षण | २ लाख ५ हजार |
| | स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्य कर्मीहरुको लागि PAMS V2 सम्बन्धि अभिमुखिकरण | ७० हजार |
| | राष्ट्रिय महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रम (पोसाक प्रोत्साहन र यातायात खर्च( | १० लाख |
| | बहुक्षेत्रीय पोषण कार्यक्रमका पोषण सहजकर्ताको पारिश्रमिक | ३ लाख १ हजार |
| | पोषणमैत्री स्थानीय शासन प्रवर्द्धन | २० लाख ७४ हजार |
| | "म स्वास्थ्य मेरो सामुदाय स्वास्थ्य" घरटोलमा स्वास्थ्य प्रवर्धन कार्यक्रम | ४ लाख ६० हजार |
| | स्थानिय तह तर्फ मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, रक्तसंचार, न्यानो झोला, सुरक्षित निशुल्क गर्भपतन र नवजात शिशुको निशुल्क उपचार कार्यक्रम | १६ लाख ६९ हजार |
| | परिवार योजना सेवा | ४८ हजार |
| | आकस्मिक अवस्थामा औसधि एवं ल्याब सामाग्री ढुवानी र स्थलगत अनुशिक्षण तथा सुपरिवेक्षण तथा क्षयरोग कार्यक्रमको योजना तर्जुमा तथा कोहर्ट विश्लेषण | ९५ हजार |
| | CBIMNCI कार्यक्रम कार्यक्रम समिक्षा), स्थलगत अनुशिक्षण, समता तथा पहुच कार्यक्रम( | १ लाख |
| | पोषण कार्यक्रम | ३ लाख ३६ हजार |

| | | |
|---|---|---|
| | स्थानीय तहको साझेदारीमा नियमित खोप सुदृढीकरण, नियमित खोपमा विद्यालय केन्द्रित खोप अभियान सञ्चालन, सरसफाई प्रवर्द्धन कार्यक्रम निरन्तरता, खोपबाट बचाउन सकिने रोगहरूको खोजपड्ताल तथा निगरानी, खोप महिना, पूर्ण खोप सुनिश्चतता र दिगोपनाका लागि व्यवस्थापन खर्च | ३ लाख ७० हजार |
| | स्थानिय तह मार्फत मातृ तथा नवशिशु कार्यक्रम सन्चालन | १२ लाख |
| | मानसिक स्वास्थ्य प्रवर्धन तथा आत्माहत्या रोकथाम सम्बन्धि जनचेतना कार्यक्रम | |
| | नियमित तथ्याङ्कको गुणस्तर वृद्धिका लागि स्वास्थ्य संस्थाहरूको मासिक बैठक, डाटा भेरिफिकेशन तथा भ्यालिडेशन एवम् अर्धबार्षिक र बार्षिक समिक्षा | ३ लाख ३ हजार |
| | आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधि खरिद | १४ लाख ७८ हजार |
| | सुनौला हजार दिनका विपन्न महिलाको पोषण सुधारको लागि आयआर्जन अनुदान | ६ लाख २५ हजार |
| | मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गराइरहेका, क्यासर रोगी र मेरूदण्ड पक्षघातका विरामीहरूलाई औषधि उपचार खर्च बापत मासिक रु ५ हजार दरले उपलब्ध गराइने रकम | ६ लाख ४० हजार |
| | किशोरकिशोरी स्वास्थ्य सेवा | ७५ हजार |
| | प्रजनन् रुग्णता स्वास्थ्य सेवा | १ लाख २ हजार |
| | सर्पदन्स, रेबिज लगायतका अन्य जुनोटिक रोगहरुको बारेमा एक स्वास्थ्यको अवधारणा सहित sensitization/अभिमुखीकरण कार्यक्रम | २० हजार |
| | नर्सिंग कर्मचारीहरुको लागि IUCD तालिम | ३ लाख |
| | समुदाय स्तरमा नसर्ने रोग सम्बन्धि स्क्रिनिङ्ग (फागुन महिनातथा जनचेतना कार्यक्रम सञ्चालन ( | १ लाख ३० हजार |
| | स्वास्थ्य चौकी (आधारभुत स्वास्थ्य सेवा केन्द्र) को न्युनतम सेवा मापदण्ड कार्यक्रम अभिमुखीकरण ), समिक्षा, फलो अप , अनुगमन तथा सुदृधिकरण समेत ( | १ लाख २२ हजार |
| | आयुर्वेद सेवा कार्यक्रम (आयुर्वेद औषधालय) | ६ लाख |
| | रास्कोट अस्पताल, गौटुकोट मा रहेको (४ .वडा नं) अस्पताललाई नमुना विशिष्ट्रिकृत अस्पतालमा स्तरोन्नती | १० करोड |
| | स्थानीय तहका स्वास्थ्य शाखा, स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र, अस्पताल तथा आयुर्वेद औषधालयहरुमा कार्यरत स्थायी कर्मचारीहरुको स्वीकृत दरवन्दी अनुसारको तलव, महगी भत्ता र पोषाक भत्ता | १ करोड ७९ लाख |
| ६ | **पशु सेवा शाखा** | **१ लाख** |
| | पशुपन्छिमा महामारीआकस्मिक रोग नियन्त्रण तथा/ NAHIS रिपोटिङ्ग कार्यक्रम | १ लाख |
| ७ | **उद्यम विकास शाखा** | **१६ लाख ५ हजार** |
| | गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन कार्यविधि, २०८२ बमोजिम लघु उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सिर्जना गर्ने | १ लाख ६५ हजार |
| | उद्यम विकास सहजकर्ताहरुको पारिश्रमिक (एकमुष्ट) | ९ लाख |
| | उद्यमशीलता ,रोजगारी मुलक सीप विकास / सशक्तिकरण / तथा क्षमता अभिवृद्धि तालिम | ७० हजार |
| | गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन कार्यविधि, २०८२ बमोजिम उद्यमीको स्तरोन्नती आवश्यकता पहिचानका आधारमा) पुनर्ताजगी र एडभान्स सीप विकास तालिम कार्यक्रम ( | ७० हजार |
| | उत्पादन र उद्यमशीलता मार्फत रोजगारी सिर्जना तथा न्यूनतम रोजगारी प्रत्याभूति, सीप विकास, उद्यमशीलता प्रवर्द्धन र पुनः एकीकरण सम्बन्धी क्रियाकलाप सञ्चालन स्थानीय तहको शत प्रतिशत ) (लागत साझेदारी अनिवार्य | ४ लाख ४७ हजार |

| | | |
|---|---|---|
| ८ | **संघीय सरकार समपुरक अनुदान जम्मा** | २ करोड ५९ लाख |
| | धर्म दत्त आनिर्माण भवन .वि. | १ करोड ८९ हजार |
| | आर सि पि बजार देखी देउरा क्षेत्तडी ग्रामिण सडक आयोजना | ७० लाख |
| ९ | **विशेष अनुदान जम्मा** | ६१ लाख |
| | बिद्यालय शैक्षिक सुधार आयोजना | ६१ लाख |

## अनुसूची-२
## प्रदेश सरकार ससर्त अनुदान, विशेष अनुदान र समपुरक अनुदान खर्च विवरण

| क.स. | कार्यक्रम / आयोजनाको विवरण | बजेट (हजारमा .रु) |
|---|---|---|
| | **मुख्यमन्त्री रोजगार कार्यक्रम** | **१ करोड ३५ लाख** |
| १ | वसन्तपुर देखि वाहुन सिउना सम्म नाउले खोला सिचाइ कुलो निर्माण, रास्कोट नगरपालिका४- | १५ लाख |
| २ | बयालपाटा देखि बछ्यौडी सम्म सिचाइ कुलो निर्माण, रास्कोट नगरपालिका७- | १५ लाख |
| ३ | पाटखेत ढुँग्रीडाँडा देखि लहरेला हुँदै ठिगेल्निदेवि सम्म पर्यटन पदमार्ग, रास्कोट नगरपालिका१- | १५ लाख |
| ४ | जनालीकोट स्कुल देखि त्रिवेणी सम्म पर्यटन पदमार्ग, रास्कोट नगरपालिका२- | १५ लाख |
| ५ | कोलीगाउँ देखि कुमालवाडा नैकाला सौगटिया हुँदै भुवानेकाँध मन्दिर सम्म पर्यटन पदमार्ग, रास्कोट नगरपालिका३- | १५ लाख |
| ६ | बुढाबाडा बिजयपुर हुँदै चाटेखोला सम्म पदमार्ग निर्माण, रास्कोट नगरपालिका५- | १५ लाख |
| ७ | आटीगोडा देखि देवदार रुखसम्म पर्यटन पदमार्ग, रास्कोट नगरपालिका६- | १५ लाख |
| ८ | बाखरकोटी देखि सेरीज्युला हुँदै कोटदरवार सम्म पर्यटन पदमार्ग, रास्कोट नगरपालिका८- | १५ लाख |
| ९ | चुत्रीकोट देखि खोदाइमाडु हुँदै गरकच्चा कालिका मन्दिर सम्म पर्यटन पदमार्ग, रास्कोट नगरपालिका९- | १५ लाख |
| १० | सुखापानी चौँथा पहिरो तटबन्धन रास्कोट न७.पा., रास्कोट, कालिकोट | १० लाख |
| ११ | श्री पिपलकोट आकालिकोट ६- को फिल्ड निर्माण तथा घेरवार रास्कोट नगरपालिका.वि. | १० लाख |
| १२ | कर्णाली प्रदेश सरकारको सुत्केरी पोषण कोषेली कार्यक्रम | ८ लाख १३ हजार |
| १३ | स्वास्थ्य स्वयंसेविकाहरुलाई प्रोत्साहन भत्ता | ७ लाख ९२ हजार |
| १४ | सामुदायिक स्वास्थ्य इकाई, शहरी स्वास्थ्य, बर्थिङ सेन्टर सुधार गौंखेत - सा९ - रास्कोट.ई.स्वा. | ३ लाख |
| १५ | सामुदायिक स्वास्थ्य इकाई, शहरी स्वास्थ्य, बर्थिङ सेन्टर सुधार वसन्तपुर स्यूना - सा४ - रास्कोट.ई.स्वा. | ३ लाख |
| १६ | **कर्णाली प्रदेश विशेष अनुदान** | **११९,** |
| | ५ नं वडा कार्यालय भवन निर्माण . | ५२ लाख ५० हजार |
| | रास्कोट नगरपालिका रिङरोड निर्माण .तामाकोट देखि वडा नं १ .वडा नं)८ पाटेडिल हुदै फुगाड खोलासम्म | ६६ लाख ५० हजार |

| | | |
|---|---|---|
| १७ | **प्रदेश विशेष अनुदान** | **३५००,** |
| | शैक्षिक विकासका लागि सेवाको गुणस्तर अभिवृद्धिरास्कोट नगरपालिका अन्तर्गतका विद्यालयहरूमा : फर्निचर खरिद तथा व्यवस्थापन कार्यक्रम | ३५ लाख |
| **प्रदेश सरकार शसर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदान तर्फ जम्मा बजेट** | | **३ करोड ३५ लाख** |

**नगर सभा अध्यक्ष महोदय,**

**नगर सभा सदस्य ज्यु,**

अब म रास्कोट नगरपालिका मा संघीय सरकार र प्रदेश सरकार मार्फत आ ०८४/२०८३ .व. माकार्यान्वयन हुने योजनाहरु यस सम्मानित सभामा जानकारी गराउन चाहान्छु ।

## अनुसची३-

| क्रस. | आयोजना नाम | बजेट रकम |
|---|---|---|
| १ | रा.न.पा. शहरी सडक स्तरोन्नती , मर्मत सुधार तथा सुरक्षा कार्यक्रम (जुम्ला शहरी सघन कार्यालय) | १ करोड ५० लाख |
| २ | रास्कोट नगरपालिका अन्तर्गत शहरी पुर्वाधार निर्माण (जुम्ला शहरी सघन कार्यालय) | ३ करोड |
| ३ | खुलालु , लालु, भैसीसाँगु कुमालगाँउ, एयरपोर्ट, मेहलमुडी मुम्रा रास्कोट हुदै लैफु सडक | ३ करोड ५० लाख |
| ४ | सान्नीघाट सिपखाना योजना कार्यक्रम | ४ करोड |
| ५ | आर सि पि बजार देखि सेराचौर हुदै तुषारखोला सम्म सडक स्तरोन्नति | ५० लाख |
| ६ | रास्कोट बृहत खानेपानी आयोजना | १० लाख |
| ७ | कोलीगाँउ खानेपानी आयोजना | २१ लाख |
| ८ | ताम्ती खानेपानी आयोजना | २० लाख |
| ९ | कागेजाड खानेपानी आयोजना | २१ लाख |
| १० | कोलीगाँउ खानेपानी आयोजना | २० लाख |
| ११ | गुणस्तर सुधार कार्यक्रम( रास्कोट बृहत खानेपानी प्रशोधन केन्द्र) | ६५ लाख |
| १२ | रास्कोट बृहत खानेपानी आयोजना | २५ लाख |
| १३ | कालशिल्ला आवि आवास गृह निर्माण. | ३० लाख |
| १४ | लालिगुराँस आवि भवन निर्माण. | ३० लाख |
| १५ | सुन्दर आकोठे भवन निर्माण ४ वि. | ३० लाख |
| १६ | विजयपुर आवि भवन निर्माण. | ३० लाख |

| | | |
|---|---|---|
| १७ | सुन्दर आधारभुत विद्यालय रामपुर रा१ पा.न. | ३० लाख |
| १८ | पिङ्गला देवी फिल्ड निर्माण | ३० लाख |
| १९ | बयलपाटा खेलमैदान निर्माण | ३० लाख |
| २० | सिमुनाथ आवि फिल्ड निर्माण. | २० लाख |
| २१ | गगनेदेखि बहलतोल सम्म तटबन्ध रा न पा १ | २० लाख |
| २२ | सिम्ला ज्युला तटबन्धन योजना रा न पा ६ | २० लाख |
| २३ | बण्डाली मष्टो मन्दिर निर्माण कोलीगाँउ | २० लाख |
| २४ | भुवानी धवलपुरा कुडारेमष्टो को मन्दिर निर्माण रा न पा ९ | २० लाख |
| २५ | ठिगल्नेदेवी मन्दिर निर्माण | २० लाख |
| २६ | सेराखोला देखि धादेकाँडा हुदै टाट्क सम्म | ५० लाख |
| २७ | सेतिकोट देखी देउरामालिका सडक स्तरोन्नती रा न पा ४ | ५० लाख |
| २८ | आर१ पि बजार देखी सेरा हुँदै तुसार खोला सम्म स्तरोन्नती.सि.,२,३,५ | ५० लाख |
| २९ | बगाने देखि औलढाण सम्म सिचाइ कुलो रास्कोट ८ | २० लाख |
| ३० | चाटेखोला देखि सिम्सेरा सम्म सिचाइ कुलो | २० लाख |
| ३१ | पनेरी कुलो सिचाई कुलो निर्माण | १८ लाख |
| ३२ | थोल्म मुसे सिचाईकुलो निर्माण रा न पा ९८ | १० लाख |
| ३३ | पुनेपाटा देखि रतुवावाडा सम्म सिँचाइ कुलो रास्कोट ७ | १५ लाख |
| ३४ | गाँहखेत सिचाई योजना रास्कोट ९ | १५ लाख |
| ३५ | क्षेत्तडि सिपखाना सिचाइ कुलो योजना रास्कोट १,२, ३ | १५ लाख |
| ३६ | भिडकुलो सिचाई योजना | १५ लाख |
| ३७ | तुसार खोला देखि सिराडी सिचाईकुलो निर्माण रा न पा १ | ९ लाख |
| | जम्मा | १९ करोड ९० लाख |

अन्तमा, नगरपालिकाले आगामी आर्थिक वर्षमा सञ्चालन गर्न लागेका वार्षिक योजना तथा कार्यक्रमहरूको सफल कार्यान्वयनका लागि सिर्जनात्मक सल्लाह, सुझाव तथा प्रत्यक्ष–परोक्ष रूपमा सहयोग र सहभागिता प्रदान गर्नुहुने नगर प्रमुखज्यू, कार्यपालिका सदस्यज्यूहरू, नगरसभा सदस्यज्यूहरू, विज्ञ महानुभावहरू, राजनीतिक दल, सञ्चारजगत्, नागरिक समाज, निजी क्षेत्र तथा विकास साझेदारलगायत समस्त नगरवासी दिदीबहिनी तथा दाजुभाइहरू र अहोरात्र खटिने नगरपालिकाका सम्पूर्ण राष्ट्रसेवक कर्मचारीप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

साथै, क्षेत्रगत आय–व्यय समेटिएको रातो पुस्तिका शीघ्र सार्वजनिक गरिने व्यहोरा यस सम्मानित सभा समक्ष जानकारी गराउँदै समृद्ध रास्कोट नगरपालिका निर्माण गर्ने अभियानमा सबैको निरन्तर सहयोग, सहकार्य र योगदानको अपेक्षा गर्दछु।

धन्यवाद।२०८३ साल असार ७ गते रोज १ शुभम् !

मनिराज बराल

नगर उप-प्रमुख